# एसिया-प्रशान्तक्षेत्रको व्यापारसम्बन्धी संक्षिप्त जानकारी: नेपाल

- सन् २०१३ मा नेपालको कूल वस्तु निर्यात ३% ले खुम्चन गयो । तर सेवाक्षेत्रको निर्यात भने २५.१% ले बढ्न गयो । सम्पूर्ण एसिया-प्रशान्तक्षेत्रको वस्तु निर्यात भने २.१% ले वृद्धि भएको थियो र सेवा क्षेत्रको निर्यात ४.९% ले वृद्धि भएको थियो । आयातको सन्दर्भमा भने सोहि वर्ष नेपालको वस्तु र सेवाक्षेत्रको आयात क्रमश: ८.९% र ९.३% ले वृद्धि भएको थियो । यसरी नेपालको व्यापार घाटा कायम नै रहेको छ । सन् २०१३ मा नेपालको कूल व्यापार घाटा ५.६ अर्ब अमेरिकी डलर रहेको थियो ( चित्र १ र २) ।


- सन् २०१३ मा नेपालमा प्रत्यक्ष वैदेशिक लगानी १९.९% ले कम हुन गई कूल ७ करोड ३० लाख अमेरिकी डलर मात्र प्रत्यक्ष वैदेशिक लगानीको रुपमा भित्रियो । यो सन् २०११ देखि नै प्रत्यक्ष वैदेशिक लगानीको प्रवाहमा हुँदै आएको ह्रासको निरन्तरता हो । सन् २०१३ मा नै एसिया प्रशान्त क्षेत्रको कूल प्रत्यक्ष वैदेशिक लगानी भने ६.६% ले वृद्धि भएको देखिन्छ (चित्र १ र ४) ।

- नेपालमा सबैभन्दा धेरै प्रत्यक्ष वैदेशिक लगानी गर्ने राष्ट्रहरुमा पहिलोमा भारत र दोस्रोमा चीन रहयो । सन् २०१३ मा नेपालमा भित्रएको कूल प्रत्यक्ष वैदेशिक लगानीमध्ये भारत र चीनको अंश क्रमश: ४३% र ४२% रहयो । नेपालबाट बाहिरिएको लगानीको सन्दभमा भने नेपाली कम्पनीहरुले मुख्य रुपमा हङ्कङ्ग र भारतमा लगानी गरेको देखिन्छ । सन् २०१३ मा नेपालबाट बाहिरिएको लगानीमध्ये यी राष्ट्रहरुको अंश क्रमश: ७६% र २३% थियो (चित्र ५) ।


- नेपालले आफ्नो भन्सार दर (MFN bound tariff) औसतमा २६% मा सिमित गरेको छ, जुन एसिया-प्रशान्त क्षेत्रको औसत भन्दा कम हो । तर नेपालले लागू गरेको भन्सार दर (MFN applied tariff) भने औसत १२.३% रहेको छ, जुन एसिया-प्रशान्त क्षेत्रको औसत भन्दा बढी हो । त्यसैगरी १२.५% रहेको नेपालको प्रभावकारी रुपमा लागू गरेको औसत भन्सार दर (effectively applied average tariff rate), जसले नेपालको सैविध्यपूर्ण व्यापार सम्झौता भएको देशहरुको निम्ति लागू गरेको भन्सार दरलाई पनि जनाउँछ, एसिया-प्रशान्त क्षेत्रको ७.२% को औसतभन्दा निकै बढी रहेको छ (चित्र ३) । नेपालले झण्डै शतप्रतिशत वस्तुको भन्सार दर (tariff lines) को सिमा निर्धारण गरिसकेकोले एसिया- प्रशान्त क्षेत्रका केहि विकासशील राष्ट्रभन्दा नेपाललाई प्राप्त नीतिगत लचकता कम रहेको छ ।

- कार्यान्वयनको दृष्टिकोणले हेर्दा नेपालले २ वटा व्यापार सम्झौता गरेको छ, जबकि एसिया-प्रशान्त क्षेत्रमा यसको औसत ७.२ रहेको छ । नेपालले आफ्नो कूल निर्यातको झण्डै ६०% निर्यात आफूले सैविध्यपूर्ण व्यापार सम्झौता गरेका सदस्य राष्ट्रहरुमा गर्ने गरेको छ भने एसिया-प्रशान्त क्षेत्रको यस्तो निर्यातको औसत ३८% रहेको छ । त्यसैगरी नेपालले आफ्नो कूल आयातको ५६% आफूले सैविध्यपूर्ण व्यापार सम्झौता गरेका सदस्य राष्ट्रहरुबाट गर्ने गरेको छ, जबकि एसिया-प्रशान्त क्षेत्रका राष्ट्रहरुले गर्ने यस्तो आयातको औसत ४५% रहेको छ (चित्र ६) ।


चित्र १ व्यापार र लगानीका मुख्य सूचकहरु




चित्र २ वस्तु व्यापार




चित्र ३ औसत भन्सार दर




चित्र ४ प्रत्यक्ष वैदेशिक लगानीको प्रवाह





चित्र ५ मुख्य प्रत्यक्ष वैदेशिक लगानीका साझेदारहरु

| Sources of inward greenfield FDI | Share of total (Avg. % 2010-2012) | Destinations for outward greenfield FDI | Share of total (Avg. % 2010-2012) |
|---|---|---|---|
| India | 43% | Hong Kong, China | 76% |
| China | 42% | India | 23% |
| United Arab Emirates | 8% | Thailand | 1% |
| Luxembourg | 4% | Bangladesh | 1% |
| Republic of Korea | 3% | | |

Source: fDi Intelligence 2014

चित्र ६ सौविध्यपूर्ण व्यापार सम्झौता




Notes

FDI: foreign direct investment
PTA: preferential trade agreement
MFN: most-favoured nation
Definitions:
Exports to PTA partners: share of exports to PTA partners in total exports. Average over 2010-12.
Imports from PTA partners: share of imports from PTA partners in total imports. Average over 2010-12.
MFN Applied: tariffs applied on imports among WTO members.
MFN Bound: maximum MFN tariff levels agreed to as part of WTO obligations.
Effectively Applied Rates: the lowest available tariff on a product category i.e. the preferential rate if available.
Binding Coverage: percentage of product lines with an agreed bound rate.
Average Tariffs: simple average, data is for year 2012.

---

Source: Asia-Pacific Trade and Investment Report (APTIR) 2014 unless otherwise specified.
For more information contact escap-tid@un.org.

# 我们的产品

云报告

## 大数据平台

国内宏观经济数据库

国际经济合作数据库

行业分析数据库

## 条约法规平台

国际条约数据库

国外法规数据库

## 即时信息平台

新闻媒体即时分析

社交媒体即时分析

## 云报告平台

国内研究报告

国际研究报告

预览已结束，完整报告链接和二维码如下：

https://www.yunbaogao.cn/report/index/report?reportId=5_5141